## अनुसूची–३

### पेटेण्ट, डिजायन र ट्रेडमार्कको दरखास्त, दर्ता र नवीकरण दस्तूर

| | | | | |
|---|---|---|---|---|
| (१) पेटेण्ट – | (क) | दरखास्त दस्तूर | – | एक सय रूपैयाँ । |
| | (ख) | दर्ता दस्तूर | – | एक हजार रूपैयाँ । |
| | (ग) | नवीकरण दस्तूर | – | तीन सय रूपैयाँ । |
| (२) डिजायन– | (क) | दरखास्त दस्तूर | – | एक सय रूपैयाँ । |
| | (ख) | दर्ता दस्तूर | – | सात सय रूपैयाँ । |
| | (ग) | नवीकरण दस्तूर | – | दुई सय रूपैयाँ । |
| (३) ट्रेडमार्क– | (क) | दरखास्त दस्तूर | – | एक सय रूपैयाँ । |
| | (ख) | दर्ता दस्तूर | – | चार सय रूपैयाँ । |
| | (ग) | नवीकरण दस्तूर | – | एक सय पचास रूपैयाँ । |

लालमोहर सदर मितिः– २०४४।७।१।१

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

### श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

628

## साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः साझेदारी ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "साझेदारी (पहिलो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. साझेदारी ऐन, २०२० को दफा २ मा संशोधनः साझेदारी ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) "सम्बन्धित विभाग" भन्नाले वाणिज्य सम्बन्धी विषयमा वाणिज्य विभाग, घरेलु तथा ग्रामीण उद्योग सम्बन्धी विषयमा घरेलु तथा ग्रामीण उद्योग विभाग र सो बाहेकका अन्य उद्योगको लागि उद्योग विभाग सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. बिवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः फर्म दर्ता गर्दा दफा ६ बमोजिम पेश गरेको दरखास्त र कबुलियतको विवरणमा कुनै हेरफेर गर्नु परेमा सो कुरा जनाई सम्बन्धित विभागमा दरखास्त दिनु पर्नेछ र सम्बन्धित विभागबाट स्वीकृति प्राप्त भएपछि मात्र सो विवरणमा हेरफेर गर्न सकिनेछ ।"

४. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

"११. नवीकरण गर्नु पर्नेः यस ऐन बमोजिम दर्ता भएको फर्मको आर्थिक वर्ष भुक्तान भएको पैंतीस दिनभित्र अनुसूची–२ (ख) मा तोकिएको दस्तूर साथ अनुसूची– १(ख) को ढाँचाको फाराममा सम्बन्धित विभागमा दरखास्त दिनु पर्नेछ । सो म्यादभित्र दस्तूर साथ दरखास्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परेमा सम्बन्धित विभागले त्यस्तो फर्मको दर्ता लगतमा र दर्ता प्रमाण-पत्रमा नवीकरणको व्यहोरा जनाई दिनु पर्नेछ । नवीकरण नगराई सोही नामबाट कुनै फर्म चलाउनु हुदैन ।"

५. मूल ऐनमा दफा ११क. र ११ख. थपः मूल ऐनको दफा ११ पछि देहायको दफा ११क. र ११ख. थपिएका छन् :–

"११क. सम्बन्धित विभागले विवरण माग गर्न सक्नेः (१) यस ऐन अन्तर्गत दर्ता भएको कुनै फर्मसंग सम्बन्धित विभागले त्यस्तो फर्मको हिसाबको विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको हिसाबको विवरण सम्बन्धित विभागलाई पेश गर्नु त्यस्तो फर्मको कर्तव्य हुनेछ ।

११ख. फर्म खारेज गर्न सक्नेः (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको फर्म सम्बन्धित विभागले खारेज गर्न सक्नेछः–

(क) वाणिज्य व्यवसायको लागि दर्ता भएको फर्मले तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) साझेदारहरूले मुनासिब कारण दर्शाई फर्म खारेज गरी पाउँ भनी सम्बन्धित विभागमा निवेदन दिएमा,

(ग) सम्बन्धित विभागले दफा ११क. बमोजिमको विवरण माग गर्दा सम्बन्धित फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(घ) उद्योग सम्बन्धी फर्मले कार्य सञ्चालन गरी सम्बन्धित विभागलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(ङ) उद्योग सम्बन्धी फर्मले नवीकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नवीकरण नगराएमा वा नवीकरण गराएर पनि इजाजतको शर्त अनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार, उपकरणको खरिद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित विभागमा नदिएमा, वा

(च) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै काम गरेमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

6226

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) वा (च) बमोजिम सम्बन्धित विभागले फर्म खारेज गर्नु अघि सम्बन्धित फर्मलाई सफाइको सबूद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) वा (च) बमोजिम सम्बन्धित विभागबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका साझदारहरूको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिनेछैन ।"

६. मूल ऐनमा दफा ४२क. थपः मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छः–

"४२क. अनुसूचीमा हेरफेर गर्न सक्नेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।"

७. मूल ऐनका अनुसूचीहरूमा संशोधनः मूल ऐनको,–

(१) अनुसूची १ (क), १ (ख), २ (क), २ (ख) र ३ (क) को सट्टा क्रमशः यसै साथ संलग्न अनुसूची १ (क), १ (ख), २ (क), २ (ख) र ३ (क) राखिएका छन् ।

(२) अनुसूची ३ (ख) झिकिएको छ ।

८. रूपान्तरः मूल ऐनको ठाउँ-ठाउँमा प्रयोग भएको "तालुक अड्डा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित विभाग" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

अनुसूची–१ (क)

फर्म दर्ताको निमित्त दिने दरखास्तको ढाँचा

श्रीमान् महा-निर्देशकज्यू,
उद्योग । वाणिज्य मन्त्रालय,
उद्योग । घरेलु तथा ग्रामीण उद्योग । वाणिज्य विभाग,
काठमाडौं, नेपाल ।

महोदय,

हामीहरूले साझेदारी फर्म खोली तपसीलमा लेखिए बमोजिमको व्यवसाय चलाउन मन्जूर गरेकोले मन्जूरीको कागज समेत सामेल राखी निवेदन गर्न आएका छौं ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाग्ने सरकारी दस्तूर लिई तल लेखिएको नामको फर्म हामीहरूका नाममा दर्ता गरी पाउँ। लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

तपसील

१. हिस्साको अङ्क
२. साझेदारहरूको तीनपुस्ता नाम, थर र वतन।

साक्षीः–

दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर वतन ठीक दुरूस्त छ भनी सनाखत गर्नेः–

भवदीय,

दरखास्तवालाको सहिछाप

अनुसूची– १ (ख)

फर्म नवीकरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा

मितिः– .. .. ..

श्रीमान् महा-निर्देशकज्यू,
उद्योग । वाणिज्य मन्त्रालय,
उद्योग । घरेलु तथा ग्रामीण उद्योग । वाणिज्य विभाग,
काठमाडौं, नेपाल ।

महोदय,

यस फर्मले .................................व्यवसाय चलाउन त्यस विभागबाट.........................मा दर्ता नं. ...... को प्रमाण-पत्र पाएकोले त्यसको नवीकरणको निमित्त दरखास्त गरेका छौं। सो प्रमाण-पत्र नवीकरण गरी दिन अनुरोध गर्दछौं।

भवदीय,
साझेदारमा मुख्यको सहिछाप
(फर्मको नाम)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

## अनुसूची– २ (क)

### फर्मको दर्ता दस्तूर

| | |
|---|---|
| बीस हजार रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | पचास रूपैयाँ । |
| बीस हजार एक रूपैयाँदेखि पचास हजार रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | एक सय रूपैयाँ । |
| पचास हजार एक रूपैयाँदेखि एक लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | दुई सय पचास रूपैयाँ । |
| एक लाख एक रूपैयाँदेखि तीन लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | आठ सय पचास रूपैयाँ । |
| तीन लाख एक रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | एक हजार चार सय रूपैयाँ । |
| पाँच लाख एक रूपैयाँदेखि दश लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | तीन हजार रूपैयाँ । |
| दश लाख एक रूपैयाँदेखि पचास लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | चार हजार पाँच सय रूपैयाँ । |
| पचास लाख रूपैयाँदेखि माथि जतिसुकै पूंजी भएको फर्मलाई पनि– | छ हजार पाँच सय रूपैयाँ । |

## अनुसूची– २ (ख)

### फर्मको नवीकरण दस्तूर

| | |
|---|---|
| पचास हजार रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | तीस रूपैयाँ । |
| पचास हजार एक रूपैयाँदेखि एक लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | पैंतालीस रूपैयाँ । |
| एक लाख एक रूपैयाँदेखि तीन लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | साठी रूपैयाँ । |
| तीन लाख एक रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्मको पूंजी भएको फर्मलाई– | पचासी रूपैयाँ । |
| पाँच लाख एक रूपैयाँदेखि बढी जतिसुकै पूंजी भएको फर्मलाई पनि– | एक सय पचास रूपैयाँ । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

625

## अनुसूची– ३ (क)

## फर्म दर्ताको प्रमाण-पत्रको ढाँचा

श्री ५ को सरकार

उद्योग । वाणिज्य मन्त्रालय

उद्योग । घरेलु तथा ग्रामीण उद्योग । वाणिज्य विभाग

### फर्म दर्ताको प्रमाण-पत्र

........................फर्म यस विभागमा नं. .......मा मिति.............मा साझेदारी ऐन, २०२० अनुसार दर्ता भएकोले यो प्रमाण-पत्र दिइएको छ ।

साझेदारको नामः–<br>
ठेगानाः–<br>
कुल पूंजीः–<br>
उद्देश्यः–<br>
फर्मको ठेगानाः–<br>
मितिः–

. . . . . . .<br>
महा-निर्देशक

नोटः– यो प्रमाण-पत्र आषाढ मसान्तभित्रमा नवीकरण गराउनु पर्नेछ । उद्देश्यमा लेखिए बाहेक यो फर्मबाट अरू काम गर्न हुँदैन । नवीकरण गराउँदा यो प्रमाण-पत्र साथमा लिएर आउनु पर्नेछ । यसको नवीकरण सम्बन्धित विभागबाट हुनेछ ।

### फर्म दर्ताको प्रमाण-पत्र पछाडि

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |

लालमोहर सदर मितिः– २०४४।७।१।१

आज्ञाले,<br>
ईश्वरबहादुर श्रेष्ठ<br>
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

620